# 多言語情報コーナー（令和５年　７月号）

## (१) भारी बर्षात हुँदा ध्यान दिनु पर्ने कुराहरु बारे जानकारी !

जापानमा बर्षाको मौसम प्रवेश गरेको छ। अबदेखि जुलाई महिनाको बर्षा मौसमको अन्त्य सम्म, बर्षात हुने दिनहरु धेरै हुन्छन्। साथै, जुलाई महिना देखि अक्टोबर महिना सम्म, जब ताईफुउ (टाइफून) हरु आऊँछन्, तिनीहरु जापान नजिक आउने र अवतरण गरेर भारी बर्षात र आँधीको असरले, विभिन्न किसिमका प्रकोपहरु निम्त्याउने समय हो।

आजकल, कम्युलोनिम्बस बादलहरू बेल्ट-जस्तै ढाँचामा जसलाई "लिनियर रेन बेल्ट" भनिन्छ, र त्यो लामो समयसम्म एकै ठाउँमा रोकिएमा भारी बर्षात जारी रहने गर्छ। यस बर्ष पनि जापानका विभिन्न स्थानमा भारी बर्षातले क्षति पुर्याएको छ।

एक घण्टामा ३० मिलिमीटर भन्दा बढ़ी बर्षात हुँदा सड़क खोला जस्तै हुन्छ।
एक घण्टामा ५० मिलिमीटर भन्दा बढ़ीको अझ भीषण बर्षात भएमा, म्यानहोल र नालीहरुबाट पानी छचलकिएर, धेरै जग्गा तथा घरहरुमा बाढ़ी आऊँछ।

भारी बर्षात भएर, ठूला प्रकोप हुने सम्भावना देखा परेमा, जापान मौसम विज्ञान एजेन्सीले "भारी बर्षातको चेतावनी" वा "भारी बर्षात विशेष चेतावनी" जारी गर्द्छ।

टिभी, रेडियो, SNS, आदि मा जानकारी जाँच गर्नुहोस्, र आफु बसेको ठाउँ सुरक्षित छ कि छैन जाँच गर्नुहोस्।

तोचिगी शहरमा यदि ख़तरा आईपुग्ने जस्तो अवस्था देखिएमा, शियाकुस्योले आश्रय लिने बारे जानकारी जारी प्रसारण गर्ने गर्द्छ। त्यस्तो अवस्थामा कृपया सकेसम्म चाँडो सुरक्षित स्थानमा आश्रय लिन जानुहोस्।

आश्रय लिनजाने जानकारी पाए पनि, रातको समयमा तपाईंको घुँडासम्म पानी भएकाले बाहिर निस्कन पहिले नै खतरनाक छ भने, भवनको दोस्रो तल्ला वा माथिल्लो भागमा बस्न सुरक्षित हुन सक्छ।

"घटना स्थलमा स्थितिको मूल्याङ्कन गर्नुहोस् र आफ्नो जीवनको रक्षा गर्न आवश्यक कार्य गर्नुहोस्।"

## (२) हीटस्ट्रोक चेतावनी सूचना बारे जानकारी !

ख़ासगरि गर्मी हुन्छ भन्ने अनुमान गरेको दिन, अथवा अघिल्लो दिनमा “हिटस्ट्रोक  चेतावनी सूचना” को घोषणा गरिन्छ । टिभी, रेडियो, SNS, आदि मा घोषणा गरिनुका साथै, तोचिगी नगरमा, सोही दिन बिहान ९ बजे प्रकोप रोकथाम प्रशासनिक रेडियोमा सूचना प्रसारण हुनेछ ।

"हीटस्ट्रोक चेतावनी सूचना" को अर्थ, आज वा भोली हीटस्ट्रोकको जोखिम उच्च हुने ख़तरा भएकोले, सामान्य दिनहरु भन्दा बढ़ी हीटस्ट्रोक रोकथामको लागि प्रयास गरौं भन्ने अग्रिम जानकारी हो ।
हीटस्ट्रोक हुन नदिनको लागि महत्वपूर्ण कुरामा, डरलाग्दो गर्मी बाट बच्नु हो । “हीटस्ट्रोक चेतावनी सूचना” घोषणा गरेको दिन चाँही निम्नलिखित कुराहरुमा ध्यान दिने गरौं ।

- एअरकंडीशन चलाउने
- अत्यन्त जरुरी काम बाहेक बाहिर ननिस्कने
- घर बाहिरको कामकाज नगर्ने
- बृद्ध तथा बालबालिकाहरुलाई यस बारे सावधान गराउने
- घाँटी सुक्नु अगावै तरल पदार्थको आपूर्ति गर्ने/गराउने

“हीटस्ट्रोक चेतावनी सूचना” को सदुपयोग गरि, यो बर्षको गर्मीमा पनि, हीटस्ट्रोक प्रति पूर्णतया सावधान रहौं ।

**(३) नर्सरी स्कूलहरू र प्रमाणित बाल संस्थाहरूमा भर्ना गर्नको लागि संस्थाहरुको अवलोकन भ्रमण बारे जानकारी !**

सन् २०२४ साल अप्रिल महिना देखि, बालबालिकाहरुलाई नर्सरी, प्रमाणित बाल संस्था तथा साना बाल हेरचाह संस्थामा भर्ना गर्न इच्छुक व्यक्तिहरुको लागि, संस्थाको सुविधाहरुको अवलोकन भ्रमणको आयोजना गरिन्छ। बालबालिकाहरुलाई भर्ना गर्न इच्छुक व्यक्तिहरुले अवश्य पनि भाग लिनुहोला।

सार्वजनिक नर्सरी स्कूलहरुमा, इमाइजुमि नर्सरी स्कूल, कुरानोमाचि नर्सरी स्कूल, ओचुका नर्सरी स्कूल, हाकोनोमोरी नर्सरी स्कूल, ओहिरा निशी नर्सरी स्कूल, ओहिरा मिनामी दाई इचि नर्सरी स्कूल, फ़ुजिओका हर्टल्याण्ड नर्सरी स्कूल, चुगा योच्चुबा नर्सरी स्कूल, इवाफुने नर्सरी स्कूलका सुविधाहरुको अवलोकन भ्रमण यहि जुलाई महिनाको २० तारिक (बिहीबार) र २१ तारिक (शुक्रबार) का दिन दिऊँसो १:३० बाट आयोजना गरिनेछ।
अग्रिम आरक्षणको आवश्यकता छैन। सहभागि हुने बेलामा चाँही, घर भित्र लगाउने चप्पल र नोट गर्ने सामग्री साथमा लिएर जानुहोला।

अन्य निजी नर्सरी स्कूलहरु र निजी प्रमाणित बाल संस्थाहरुको सुविधा अवलोकन भ्रमणको समयतालिका चाँही, आ-आफ्नो संस्थाको बेग्ला बेग्लै हुने हुनाले, आफ़ुले रोजेको संस्थाको अवलोकन भ्रमण समयतालिकाको लागि नगरको होम-पेज आदिबाट खोज्नु होला।
भर्नाको लागि आवेदन सेप्टेम्बर पछि शुरु हुने योजना छ। सुविधाको अवलोकन भ्रमणको क्रममा, त्यहाँ भर्नाको लागि आवेदन गर्ने बारे जानकारी प्राप्त गर्न सकिन्छ, त्यति खेरै सोधेर निर्क्योल गर्नुहोला।